# प्राथमिक शिक्षामा मधेसी दलित बालिकाहरुको संलग्नता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन
विभाग, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको कोड नं.(ED.P.M 598)
को आवश्यकतापूरा गर्नका लागि तयार पारिएको

**शोधपत्र**

शोधकर्ता
राकेश कुमार चौधरी
परीक्षा क्रमाङ्क : १३००७७/२०६६
त्रि.वि. दर्ता नं. : ४-०-३-८८-९३

श्री सुर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस
सिरहा, २०७३

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर तह दोश्रो वर्षको कोर्ष नं. ५९८ को आवश्यकता परिपूर्तिका लागि तयार पारिएको शोधपत्र शीर्षक **प्राथमिक शिक्षामा मधेसी दलित बालिकाहरको संलग्नता** रहेको छ । यो शोध प्रस्तावलाई स्वीकृत गरी प्रस्तुत शोध लेखनको अवसर प्रदान गर्नु भएकोमा श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस, सिरहा शिक्षाशास्त्र सङ्कायप्रति विशेष आभारी छु ।

शोधकार्यको शुरुवातदेखि शोध प्रतिवेदनको अन्तिम लेखनसम्म आवश्यक सल्लाह, सुझाव र मार्ग निर्देशन दिई सहयोग पुऱ्याउनु हुने क्याम्पस प्रमुख रामहित यादव विभागिय प्रमुख कृष्ण कुमार यादव तथा शोध निर्देशक श्री सुरेन्द्र कुमार यादव ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै गरी सल्लाह, सुझाव, प्रोत्साहन एवम् मार्ग निर्देशन उपलब्ध गराई अध्ययन कार्यका लागि सहयोग पुऱ्याउनु हुने शिक्षाशास्त्र सङ्कायका सहायक क्याम्पस प्रमुख जिवछ यादव लगायत सम्पूर्ण गुरुहरु ज्यू, प्रति विशेष आभार व्यक्त गर्दछु ।

शोध कार्यका लागि आवश्यक सूचना सङ्कलनका क्रममा अमूल्य सुझाव सहित तथ्याङ्क, सूचना, सहयोगी सामग्रीहरु आदि उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने अध्ययन क्षेत्र अन्तर्गतका विद्यालयका स्रोतव्यक्तिहरु, विद्यालय निरीक्षक, प्रधानाध्यापकहरु र शिक्षकहरु प्रति समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु ।  कम्प्यूटर प्रिन्टमा सघाउने अनुपमा बुक्स एण्ड स्टेशनरी सप्लायर्सका जितेन्द्र यादव ज्यू प्रति आभारी छु ।

अन्त्यमा यस अध्ययनलाई पूरा गर्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण आफन्तजनहरु, मित्रजनहरु, सहपाठी साथीहरु र शुभचिन्तक महानुभावहरुलाई हार्दिक धन्यवाद दिंदै आफ्नो अटुट परिश्रमबाट तयार भएको यो शोधपत्र उपयोगी हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

मिति : २०७३

राकेश कुमार चौधरी
शोधार्थी

# शोधसार

*प्रस्तुत शोधपत्र **प्राथमिक शिक्षामा मधेशी दलित बालिकारुहको संलग्नता** भन्ने शीर्षकमा तयार पारिएको छ । यस अनुसन्धानको प्रमुख उद्देश्य मधेशी दलित बालिकाहरुको शैक्षिक पहुँच पत्ता लगाउन, विद्यालय नजानुका कारणहरु पत्ता लगाउनु र मधेशी दलित बालीकाहरुको शैक्षिक पहुँचमा सुधार ल्याउनका लागि सुझाव दिनु रहेको छ ।*

*यस अध्ययनका उदेश्य प्राप्तिका लागी सम्बन्धित साहित्यको पूनरावलोकन गर्दा बिभिन्न सोध, लेख, रचनालाई पूनरावलोकन गरीएको छ भने सैद्धान्तिक खाका का रुपमा कार्ल मार्कसको द्वन्दात्मक सिद्धान्त, म्याक्स वेवरको विभेदिकरणको सिद्धान्त र पाउलो फेरेको पिछिडिएकाहरुको लागी शिक्षा सम्बन्धि दृष्टिकोणलाई उपयोग गरिएको छ । यस अध्ययनको उद्देश्य प्राप्तिका लागि गुणात्मक र परिमाणात्मक ढाँचामा आधारित रही उद्देश्यमूलक र संभावनायुक्त नमुना छनोट विधिबाट सिप्तरी जिल्लाको ४ वटा विद्यालयहरु, ती विद्यालयका प्र.अ.ह, अभिभावकहरु, शिक्षकहरु र विद्यार्थीहरुलाई नमुनाका रुपमा लिइएको छ । अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरु प्राथमिक र द्धितीय स्रोतहरुबाट संकलन गरिएको छ । जुन तथ्याङ्कहरु अन्तर्वार्ता, अवलोकन, प्रश्नावलीद्धारा प्रत्यक्ष भेटघाट र स्थलगत सर्वेक्षणद्धारा संकलन गरिएको छ । संकलित तथ्याङ्कहरु वर्णात्मक तथा विश्लेषणात्मक तरीकाबाट विश्लेषण गरिएका छन् ।*

*यस मधेशी दतिल बालिकाहरुको शैक्षिक क्रियाकलपामा संलग्नता कम रहेको देखिन्छ । शिक्षा र अन्य सुविधाबाट बिमुख रहेका मधेशी दलितहरुको अवस्था कमजोर रहेको देखिन्छ । घरको पारिवारिक वातावरण, आर्थिक अवस्था आदिले गर्दा बालबालिकाहरु नियमित रुपमा विद्यालयमा उपस्थित हुन सकिरहेका छैन् । समयमा शैक्षिक सामग्री नभेटनुले उनीहरुको उतिर्ण दर कमजोर देखिन्छ । अध्ययन क्षेत्रका विद्यालयमा गैर दलित विद्यार्थीहरुको तुलनामा मधेशी दलित बालिकाहरुको संख्या कम देखिन्छ । साथै गैर दलितको तुल्नामा यिनीहरुको शैक्षिक उपलब्धिको स्तर न्यून देखिन्छ । विद्यालयमा छुवाछुत सम्बन्धि नराम्रो व्यवहार नभए पनि सामाजिक आर्थिक अवस्था, साँस्कृतिक वातवरण, छिटो विवाह र घरको कामले विद्यालय बीचमै छाडने गरेको देखिन्छ । अभिभावकको पेशा शिक्षा आर्थिक अवस्था आदि संग बालिकाहरुको शिक्षा प्रभावित भएको देखिन्छ । आर्थिक समस्या, अभिभावकमा चेतनाको कमि, परम्परागत विचार, महिलाहरु निरक्षर हुनु र बालिकाहरुलाई विद्यालय पठाउनु पर्छ भन्ने कारणहरुले उनीहरुको शैक्षिक अवस्थामा प्रभाव पारेको देखिन्छ ।*

*विद्यालयमा मधेशी, दलित बालिकाहरुको शिक्षामा सहभागिता र शैक्षिक कार्यक्रममा सुधार गर्नका लागि विद्यालयहरुले जनचेतनामूलक घरदैलोकार्यक्रम, आमभेला कार्यक्रम, सिपमूलक कार्यक्रम, आदि संचालन गरी उनीहरुको शैक्षिक अवस्थामा सुधा रगर्न सकिन्छ । यिनीहरुलाई छात्रवृत्ति, निःशूल्क पाठ्यपुस्तक वितरण, शिक्षण कार्यक्रममा सहभागि, विद्यालयबाहिर छुवाछुत भेदभाव हटाउने कार्यक्रमहरु, रुढीवाद बारे चेतना अभिबृद्धि र पिछडिएको दलितलाई छुट्टै शैक्षिक आरक्षणको व्यवस्था गरि मधेशी दलित बालिकाहरुको शैक्षिक अवस्थामा सुधार गर्न सकिने सुझावहरु प्रस्तुत गरिएको छ । त्यसपछि नितीगत तहमा विभिन्न कार्यक्रमहरु सँचालन, अभ्यासगत तहमा विभिन्न कार्यक्रमहरु जस्तै, गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, विभिन्न उत्सव समारोहमा यिनीहरुको सहभागिता बढाउनु पर्दछ । अनुसन्धान तह अन्तर्गत अध्ययन कर्ताले अध्ययन गर्न नसकेका विविध पक्षहरुको बारेमा अध्ययन गर्न सकिने सुझावहरु प्रस्तुत गरिएको छ ।*

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| शोधसार | iv-v |

**परिच्छेद : एक**

| **परिचय** | **१-१३** |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | १० |
| १.३ अध्ययनको औचित्य | ११ |
| १.४ अध्ययनको उद्देश्य | १२ |
| १.५ अनुसन्धानात्मक प्रश्न | १२ |
| १.६ अध्ययनको परिसीमा | १२ |

**परिच्छेद : दुई**

| **सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | **१४-२०** |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १४ |
| २.२ सैद्धान्तिक खाका | १६ |
| २.३ पुनरावलोकनको शैक्षिक उपादेयता | १९ |

**परिच्छेद : तीन**

| **अध्ययन विधि** | २१-२९ |
|---|---|
| ३.१ अनुसन्धान ढाँचा | २१ |
| ३.२ अध्ययनको जनसंख्या | २२ |
| ३.३ नमुना छनोट प्रक्रिया | २२ |
| ३.३.१ विद्यालयको छनोट | २३ |
| ३.३.२ शिक्षकको छनोट | २३ |

३.३.३ प्र.अ.को छनोट २३
३.३.४ विद्यार्थीको छनोट २३
३.४.५ अभिभावकहराके छनोट २४
३.४ तथ्याङ्कका स्रोतहरु २४
३.५ तथ्याङ्क संकलनका साधनहरु २५
३.६ तथ्याङ्क संकलन प्रक्रिया २८
३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया २८

## परिच्छेद : चार

## नतीजाको छलफल

३०-४३
४.१ प्राथमिक तहमा मधेशी दलित बालिकाहरुको शैक्षिक क्रियाकलापमा संलग्नताको स्थिति पत्ता लगाउने ३०
४.२. प्राथमिक तहमा मधेशी दलित बालिकाहरुको शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरुको ३७
४.३ मधेशी दलित बालिकाहरुको सम्बन्धमा सरोकारवालाहरुको दृष्टिकोण ४२

## परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्श र सुझावहरु ४४-५१

५.१ निष्कर्ष ४४
५.२ सुझावहरु ४८
५.२.१ नीतिगत तह ४८
५.२.२ अभ्यासगत तह ४९
५.२.३ अनुसन्धानात्मक तह ५०

सन्दर्भग्रन्थ i–ii
अनुसूची iii–xii